## गीत

-उज्ज्वल जी.सी.

सपनीमा भिज्न थाले मेरा दुर्वल आँखाहरु
कसरी आज बिर्सूं तिम्रा जवानीका भाकाहरु ।

पीडाहरु फुट्न थाल्छन् उदासिलो साँझमा
देख्दैछु एक्लो आफूलाई यो धर्तीको माझमा
सम्झिदिन थालें अब तिम्रा विषालु वाचाहरु
कसरी आज बिर्सूं तिम्रा जवानीका भाकाहरु ।

हरेक पल दुख्छ मुटु तीता पुराना यादले
विश्वासका महलहरु भत्के क्षणिक साथले
देखिँदैछन् वैंशभित्र अझै सुक्खा पाखाहरु
कसरी आज बिर्सूं तिम्रा जवानीका भाकाहरु ।

## गीत

-उज्ज्वल जी.सी.

वसन्तको पतझड भै बाँचिरहेछु म
हिजोआज मन दुखाई हाँसिरहेछु म ।

देखाऊँ कसरी तिमीलाई नदेखिने चोटहरु
बोल्नै नसक्ने भा'छन् मेरा जवानी यी ओठहरु
व्यथाहरु छातीभित्र साँचिरहेछु म
हिजोआज मन दुखाई हाँसिरहेछु म ।

रोकिन्नन् जीवनमा अब संकटका भेलहरु
कसरी गऱ्यौ सधैं मलाई हाँसी-हाँसी झेलहरु
तिम्रो माया मुटुभित्र जाँचिरहेछु म
हिजोआज मन दुखाई हाँसिरहेछु म ।

ooo